# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

## काठमाडौं आश्विन २६ गते ०८ साल

### भाग २

### श्रीअर्थमन्त्रीबाट

सदर टक्सारका हाकिम कारिन्दा र कामदारहरूले पुर्जी हेर्नुभै त्यस टक्सारलाई देहायबमोजिम नियम गरिदिएको छ, सोबमोजिम गर्नुहोला ।

१ सदर टक्सारलाई जम्मा दुइ मुख्य विभाग गरेको छः —

१ मिन्टविभाग— १ २ आस्सेविभाग — १

२ मिन्टविभागको मातहतमा बही बुझाउन पैला फाँट १, बही बुझाउने दोस्रा फाँट १, साक्षी फाँट १, इन्जिनियर फाँट १ समेत जम्मा चार फाँट मिन्टमास्टरको मातहतमा रहनेछन् । यी चारै विभागले आफ्ना आफ्ना निकासा लिनुपर्ने कुराहरू सबै मिन्टमास्टरमार्फत निकाशा लिने गर्नू । टक्सारमा मिन्टविभागका मुख्य कार्यकर्ता मिन्टमास्टर नै हुने हुनाले निजलाई सुम्पिएको काम विषयका जिम्मेदार निजै रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ आस्सेविभागका मुख्य कार्यकर्ता आस्सेमास्टरनै रहने हुनाले निंजलाई सुम्पिएको कामविषयका जिम्मेदार निजै रहनेछन् ।

४ मिन्टमास्टर र आस्सेमास्टरहरूले जो चाहिने अख्तियार नयाँ नियमहरू बनाउने बाधा अड्काउहरू फुकाउने र जो चाहिने मद्दत बन्दोबस्तको निमित्त करेन्सी एण्ड एक्सचेञ्जविभाग, अर्थमन्त्रालयमा जाहेर गर्नू ।

५ यी चारै फाँटहरुले आस्सेमास्टरलाई सरोकार परेको कामहरूको निमित्त निजैद्वारा जाहेर गर्ने र निजको विभागको काम निमित्त खर्च भएका सबै निजै मार्फत गर्ने गर्नू ।

इति सम्वत् २००८ साल आश्विन १० गते रोज ४ शुभम् .

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।